परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३४३ •२०७९ साल फागुन ५ शुक्रबार •(17 February - 2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

### दिलीप महतो हत्या :

## दुई जना मुख्य दोषी र एक मतियार ठहर



**टक नेपाल, जनकपुरधाम।**

धनुषाका दिलीप महतोको मनसायपूर्वक हत्या गरिएको धनुषा जिल्ला अदालतले ठहर गरेको छ । न्यायाधीश चित्रबहादुर गुरुङको इजलासले दिलीपलाई मनसायपूर्वक हत्या गरिएको ठहर गरेका छन् । दिलीप हत्या प्रकरणको मुद्दामा मंगलबारदेखि अन्तिम सुनुवाइ सुरु भएको थियो। अदालत स्रोतका अनुसार विपिनकुमार महतो र मुनिन्द्र महतो लाई जन्मकैदको सजाय गरिएको छ । जितेन्द्रकुमार महतोलाई घटनाको मतियार ठहर गरिएको छ। मतियारलाई मूल सजायको आधा सजाय हुने कानूनी व्यवस्था छ। बुधबार अदालतले दोषी ठहर गरे पनि प्रतिवादीहरूलाई सजाय भने निर्धारण गरेको छैन। यही फागुन १२ गते उनीहरूलाई के कति सजाय हुने भन्ने निर्धारण हुनेछ। दुई जनालाई जन्मकैद वा आजन्म कैद गर्नेबारे १२ गते मात्र अदालतले निर्णय गर्ने छ । प्रतिवादीहरू रोशनकुमार यादव, शत्रुघन महतो, सत्यनारायण महतो र विनोद कुमार महतोले भने सफाइ पाएका छन्। स्थानीय औरही खोला उत्खनन् रोक्न गएका दिलीपको २०७६ पुस २२ गते निर्ममतापूर्वक हत्या गरिएको थियो । क्रसर व्यवसायीले उनलाई चरम यातना दिएर कुटपिट गरी बेहोस बनाएपछि टिपरले टाउको कुल्चिएर विभत्स हत्या गरेको विषय प्रहरी अनुसन्धानबाट खुलेको थियो । उक्त हत्यामा संलग्नमाथि जन्मकैदको सजाय माग गर्दै सरकारी वकिलको कार्यालयले ७ जनाविरुद्ध जिल्ला अदालत धनुषामा मुद्दा दायर गरेको थियो। दिलीपका बुवा रामजनम महतोले दिएको जाहेरीपछि प्रहरीले क्रसर उद्योगीदेखि टिपर चालकसम्म नियन्त्रणमा लिएर अनुसन्धान गरेको थियो। यो मुद्दाको पटक पटक सुनुवाइ सर्दै आएको थियो। यसअघि पनि अन्तिम सुनुवाइका लागि पेशी तोकिएको थियो । तर, न्यायाधीशले केही व्यक्तिको बकपत्र बाँकी रहेकाले उनीहरुको समेत बयान गराउने आदेश गरेपछि मंसिर २९ गतेको सुनुवाइ सरेको थियो । न्यायाधीश भीष्मराज प्रसाईको एकल इजलासले कृष्णकुमार महतोको नाममा म्याद जारी गरी बकपत्र गराउन भनेको थियो भने तत्कालीन समय घटनास्थलमा रहेका प्रहरी, दिलीपका साथी र घटनास्थलमा रहेका अन्य व्यक्तिलाई झिकाउने आदेश गरेको थियो । २०७६ मंसिर २५ गते खानतलासीपछि बरामदी मुचुल्का गरी प्रतिवेदन पेश गर्ने प्रहरी नायव निरीक्षक (सई) रामनरेश यादव, प्रहरी सहायक निरीक्षक (असई) राकुमार भण्डारी र प्रहरी हवल्दार कुलानन्दलाई उपस्थित गराइ बकपत्र गराउने आदेश गरेको थियो। जाहेरीमा क्रसर उद्योगी विपिनकुमार महतो र विनोद महतो, टिपर चालक मुनिन्द्र महतो, टिपरका सहचालक जितेन्द्र महतो (सत्यनारायण), लोडर चालक जितेन्द्रकुमार महतो, क्रसरका हेड मिस्त्री शत्रुघन महतो र खोलामासँगै गएका दिलीपका साथी रोशनकुमार यादवलाई मुलुकी अपराध संहिता २०७४ को दफा ४१ बमोजिम आजीवन कैद सजायको माग गरिएको थियो ।

-बाँकी पृष्ठ ३ मा

## बर्दिवास मेयर गोल्डकपको उपाधि क्यामरुन एफ सी क्लबलाई

**टक नेपाल, जनकपुरधाम।**



दोस्रो बर्दिवास मेयर गोल्डकप फुटबल प्रतियोगिताको उपाधि क्यामरुन एफ सीले हात पारेको छ । फागुन २६ गतेबाट सुरु भएको प्रतियोगिताको बिहीबारको फाइनल खेलमा धरान फुटबल क्लबलाई ०-७ गोलले हराउँदै क्यामरुन विजयी भएको हो । खेलको २५ मिनेटमा क्यामरुनका ११ नम्बर जर्सीका खेलाडी रिचार्ड विल्सनले पहिलो गोल गरेका थिए । विल्सनलेनै खेल अवधिभर ५ गोल गरेपछि उनी खेलकै सर्वाधिक गोलकर्तासमेत बनेका छन् । खेलको हाफ टाइमपछि क्यामरुनका १५ नम्बर जर्सीका खेलाडी सावाले २ गोल गरेका थिए । खेलमा जित हात पारेसँगै क्यामरुनले ५ लाख नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने खेलको उपविजेता बनेको धरान फुटबल क्लबले तीन लाखसहित सिल्ड र प्रमाणपत्र प्राप्त गरेको छ । खेलमा ८ वटा समुलले प्रतिस्पर्धा गरेको आयोजक संस्था बर्दिवास नगर खेलकुद विकास समितिले जनाएको छ। खेलमा उत्कृष्ट खेल्ने ५ खेलाडीलाई १० हजार रुपैयाँका दरले पुरस्कार वितरण गरिएको खेलकुद विकास समितिका अध्यक्ष दीपेन्द्रकुमार शिवभक्तिले जानकारी दिए ।

## मधेश प्रदेशसभामा ७ वटा विषयगत समिति गठन

**टक नेपाल, जनकपुरधाम।**




मधेश प्रदेशको प्रदेशसभामा ७ वटा विषयगत समिति गठन भएको छ । बुधबार बसेको बैठकमा सभामुख रामचन्द्र मण्डलले दलीय सहमतिमा ७ वटा विषयगत समिति गठनको घोषण गरेका हुन् । सार्वजनिक लेखा समितिमा अभिराम शर्मा, उपेन्द्र महतो, कनिष पटेल, चन्दनकुमार सिंह, जनार्दन सिंह क्षेत्री, मञ्जु देवी थापा मगर, मनिषकुमार सुमन, युवराज भट्टराई, रामअशिष यादव, रेखा ठाकुर, लखन दास तत्मा, शंकरप्रसाद चौधरी, शेषनारायण यादव र हरिनारायण महतो छन् । अर्थ तथा योजना समितिमा जंगीलाल राय, जयनव खातुन, दिपेन्द्र ठाकुर, प्रमोद यादव, फुलो देवी, माला कुमारी कर्ण, राजकुमार गुप्ता, रामबाबु यादव, श्याम प्रसाद पटेल, संजय कुमार महतो, सकिल मिया र शतिशकुमार सिंह छन् । कृषि तथा भूमि व्यवस्थापन समितिमा अनिताकुमारी साह, कौश किशोर राय, निलमकुमारी रजक, पल्टीदेवी महरा, पल्टीदेवी यादव, बच्चा राउत अहिर, मो. रजि हैदर, मो. समिम, रमेशप्रसाद कुर्मी, लक्ष्मी देवी, शाहिदा खातुन, शारदादेवी थापा र उर्मिलादेवी सिंह छन् ।

-बाँकी पृष्ठ २ मा



# जनकपुरधाम बजारको व्यापार चौपट, मेलाको नाममा भ्रम फैलाउन खोजेको व्यवसायीकै आरोप

**दिपक कर्ण, जनकपुरधाम ।**

जनकपुरधाममा शुक्रबारबाट सुरु हुन लागेको अन्तर्राष्ट्रिय व्यापार मेलाबारे विभिन्न टीकाटिप्पणी भइरहेका छन् । व्यापारीलाई बैंकको ब्याज र कोठा भाडा तिर्न पनि मुस्किल भइरहेको अवस्थामा अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना भइरहेकाले विभिन्न टिप्पणी भइरहेका हुन् । जनकपुरधाम उद्योग वाणिज्य संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष जितेन्द्रप्रसाद साहले अहिले यहाँ अन्तर्राष्ट्रिय व्यापार मेलाको कुनै औचित्य नरहेको बताए । अहिलेको वर्तमान अवस्थामा स्थानीय उत्पादन र यहाँका उद्योग तथा व्यापार व्यवसायलाई प्रवर्द्धन गर्नुपर्नेमा जनकपुरधाम उद्योग वाणिज्य संघ आर्थिक चलखेलको माध्यम बनाएर व्यापार मेला आयोजना गर्न लागेको साहको आरोप छ। उनले मेलाले स्थानीय व्यापारीभन्दा अन्तर्राष्ट्रिय बजारलाई मात्र फाइदा पुग्ने दाबी गरे । 'जनकपुरधाम उद्योग वाणिज्य संघको सदस्य रहेका करिब ५ हजार २ सय व्यापारिक प्रतिष्ठानहरूमध्ये अधिकांशको त्राहिमाम अवस्था छ। बैंकको ब्याज एक अंकबाट दोहोरो अंकमा पुगिसकेको छ। व्यापार व्यवसाय चौपट अवस्थामा छ। तर, मेलाको नाममा यहाँ भ्रम फैलाउने काम मात्रै गरिँदै छ,' साहले भने। उनले प्रश्न गर्दै अगाडि भने, 'मेलामा कहाँको सामानहरू रहन्छ? यहाँको पैसा कहाँ जान्छ? के मेलामा स्थानीय उत्पादनलाई प्राथमिकतामा राखिएको छ? यहाँका स्थानीय व्यापारीहरूलाई विशेष ग्राहयता दिइएको छ? केही छैन ।' साहले यस मेलाबाट स्थानीय व्यापारीलाई कुनै लाभ नपुग्ने दाबीसमेत गरे। उनले यो मेला भ्रम मात्रै रहेको बताए। 'त्यहाँ गएर नाचगान हेरेर मात्रै आउने हो। जनकपुरधामको व्यापारीको हकमा मेलाको कुनै औचित्य छैन। यहाँका व्यापारी आर्थिक मार खेपिरहेका छन्,' उनले भने, 'तर व्यापार मेलाको नाममा तामझाम र तडकभडक गर्दै उद्योग वाणिज्य संघको आगामी निर्वाचनको तयारी मात्रै गरिँदैछ। थप अरू केही होइन।' साहले आफू व्यापार संघको निवर्तमान वरिष्ठ उपाध्यक्ष भएपनि वर्तमान कार्यसमितिले कुनै पनि काममा कुनै प्रकारको सोधखोज नगरेको गुनासोसमेत गरे। जनकपुरधामको रामचोकमा ग्यास व्यवसाय सञ्चालन गर्दै आएका जिपी मण्डल भन्छन्, 'जनकपुरधाममा व्यपारीहरूको अवस्था नाजुक छ। घर भाडा र कर्मचारी खर्च तिर्न सक्ने अवस्था छैन। तर, खुसियालीमा यहाँ अन्तर्राष्ट्रिय व्यापार मेलाको आयोजना भइरहेको छ। यो हास्यास्पद नै हो।' उनले सोचेजस्तो व्यापार नहुँदा व्यवसायी चिन्तित भएको बताए। बजारमा चहल-पहल नहुँदा र सोचेजस्तो व्यापार नहुँदा यहाँका व्यवसायीहरू चिन्तित देखिएको मण्डलको भनाइ छ। 'चाडपर्वको लागि किनमेल गर्न सीमावर्ती भारतीय बजारमा जाने नेपालीहरू बढेसँगै जनकपुरधाम बजार मा व्यापार घट्न थालेको छ। भारतीय बजारमा भने



नेपाली ग्राहकको भीडभाड बढेको छ, 'उनले भने, 'तर, खुसियालीमा यहाँ जनकपुरधाम उद्योग वाणिज्य संघले व्यापार मेलाको आयोजना गर्न लागेको छ। त्यस मेलाले यहाँको व्यापारव्यवसायमा कुनै प्रगति हुँदैन।' मण्डलका अनुसार विगतमा यहाँको बजारमा निकै चहलपहल हुने गरे पनि अहिले भने व्यवसाय फस्टाउन सकेको छैन। उनले खुला सीमानाका कारण व्यवसाय नै चौपट भएको गुनासो पनि गरे। 'बैंकहरूले व्यापारीलाई बर्बाद बनाइसकेको छ। बैंकलाई ब्याज तिर्नै पर्छ। घरधनीले कोठाभाडा मागेकै छन्। व्यापार व्यवसाय केही छैन। कहाँबाट तिर्ने? समस्या छ,' मण्डलले भने। व्यवसायीको कोठा भाडा मिनाहाका साथै बैंकको ब्याजमा सहुलियतको लागि पहल गरिदिन प्रदेश सरकार र जनकपुरधाम उपमहानगरपालिकालाई ध्यानाकर्षण गराए पनि आफूहरूको समस्यामा कुनै पनि निकायले अहिलेसम्म केही नबोलेको उनको गुनासो छ। 'व्यवसायीहरूले स्थानीय तहलाई करपनि बुझाइरहेका छन्। हरेक समस्यामा सहयोग गरेका छन्,' उनले भने, 'तर अहिले उनीहरू समस्यामा परेको बेला कसैले केही बोलिदिएको छैन। झन पीडा थप्ने काम मात्रै हुँदैछ।' व्यवसायीहरू अहिले बैंकको ब्याज तिर्नसक्ने अवस्था नरहेको बताउँदै उनले भने, 'व्यवसायीहरू ठूलो मार्कामा परेका छन्। बैंकले ब्याजको लागि ताकेता गरिरहेको छ। राजश्व कार्यालयले कर बुझाउन भनेको छ। तर, व्यवसाय नै नभएपछि कसरी ब्याज तिर्ने र कहाँबाट कर बुझाउने?' सरकारको तर्फबाट पनि ब्याजमा छुट दिने प्रोपोगाण्डा भए पनि अहिलेसम्म कुनै पहल नभएको उनको दुःखेसो छ। त्यस्तै, व्यापार व्यवसाय सञ्चालन गरे पनि सोचे जस्तो व्यापार हुन नसकेको जनकपुरधामको मुख्य बजार शिवचोकमा फेन्सी जुत्ता पसल सञ्चालन गर्दै आएका जानी खानले बताए। बजारमा ग्राहकहरूको उपस्थिति न्यून रहेको उनी बताउँछन्। उनले कोरोनाकाल पछि यहाँको व्यापार धारासायी भइरहेका अवस्थामा यहाँको व्यापार व्यवसायलाई उकास्न नेतृत्व वर्गले ध्यान दिनुपर्नेमा उल्टै व्यापारीलाई नै बाइकट गरेर अगाडि बढ्नु दुःखद रहेको बताए। जनकपुरधाम व्यापार मेलामा स्थानीय उत्पादनलाई प्राथमिकतामा नराख्नु ठूलो बिडम्बना रहेको बताउँदै उनले भने, 'स्थानीय उत्पादनलाई विशेष प्राथमिकतामा नराख्नु दुःखद छ। यो मेलाले कसैलाई व्यक्तिगत फाइदा मात्रै हुन सक्छ। यहाँका व्यापारीको हकमा यसको कुनै अर्थ छैन।' खानले भने, 'हामी मुख्य बजारमा वर्षौंदेखि व्यवसाय गरिरहेका छौं। अहिलेसम्म व्यापार संघबाट कसैले मेलामा तपाईं पनि आफ्नो स्टल लगाउनु हुन्छ कि भनेर सोध्नसमेत आएका छैनन्। मेलाको बारेमा हामीलाई कुनै जानकारी छैन।' जानीले यो मेला कुनै सीमित वर्गमै सीमित रहेको र यहाँका पुराना व्यापारिक प्रतिष्ठानहरूलाई बाइकट गरेर कुनै सोधखोज नै नगरिएकोप्रति आपत्तिसमेत जनाएका छन्। 'जनकपुरधाम व्यापार मेला २०७९' को आयोजक जनकपुरधाम उद्योग वाणिज्य संघको आफ्नै दाबी छ। जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारी तथा प्रतिष्ठानहरूलाई एउटै छानामुनि सहभागी गराइ अनुभव आदानप्रदान तथा व्यापारको नयाँ आयाम सिर्जना हुने आशाका साथ व्यापारिक मेलाको आयोजना गर्न लागिएको बताए। मेलामा स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यलगायत सार्क राष्ट्रहरू भारत, पाकिस्तान र बंगलादेशका विभिन्न क्षेत्रका व्यापारीको पनि सहभागिता रहने अध्यक्ष महासेठको दाबी छ। मेलामा औद्योगिक अवसरहरूको सम्भावित अध्ययन तथा क्षेत्रीय स्तरमा लगानी गरी विदेशबाट आउने व्यापारी तथा उद्योगीहरूलाई प्रोत्साहित गरी स्थानीय तथा अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्धमा विस्तारका लागि सहकार्य गरिने उनको दाबी छ। उनले यस वृहत् मेलाले पर्यटन विकासमा समेत टेवा पुर्याउने विश्वाससमेत व्यक्त गरेका छन्। स्थानीय उत्पादनलाई पनि विशेष प्राथमिकतामा राखिएको उनको दाबी छ।

# फोहोर व्यवस्थापन गर्न मेयरलाई युवाहरुले गराए ध्यानाकर्षण



**रोशन कुमार महतो, बर्दिबास ।**

सर्लाहीको हरिवन नगरपालिकाका युवाहरुको एक समूहले फोहोरजन्य पदार्थ व्यवस्थापन गर्न मेयरलाई ध्यानाकर्षण गराएका छन् । कायापलट समूह नामक संस्थामा आवद्ध युवाहरुको समूहले हरिवन नगरपालिकाका मेयर रमेश बुढाथोकीलाई फोहोरजन्य पदार्थलाई व्यवस्थित गरी नगरलाई फोहोर रहित बनाउन निवेदन दिएका हुन् । नगरपालिकालाई हरियाली नगरपालिका निमार्ण गर्न तथा सुन्दर, सफा र स्वच्छ वातावरण निमार्ण गर्न तथा जलवायु परिवर्तनको जोखिमलाई न्युनीकरण गर्नेतर्फ पनि ध्यानाकर्षण गराएका छन् । उनीहरुले नगरपालिकाभित्र प्लास्टिक झोला विक्रि वितरण गर्नमा रोक लगाउन, हरित नगरपालिकाको लागि वृक्षरोपण कार्यक्रम गर्न, 'हर घर एक रुख' अभियानलाई नगरपालिकाको नीति कार्यक्रममा समावेश गर्न पनि माग गरेका छन् । हरिवन नगरपालिकामा परिवर्तनप्रति सजग युवाहरुको सञ्जाल कायापलट सर्लाहीको तर्फबाट विभिन्न क्रियाकलाप अन्तर्गत प्लास्टिक म्यान क्याम्पेन तथा जलवायु संचेतना अभियान र प्लास्टिक मुक्त विद्यालय बनाउन विभिन्न साझेदार संघ संस्थाको सहयोगमा निरन्तर क्रियाकलाप गर्दै आईरहेको बताइएको छ ।

# मधेश प्रदेशसभामा.................

त्यस्तै प्रदेश मामिला समितिमा कृष्णप्रसाद यादव, जिवछी कुमारी यादव, त्रिलोकी प्रसाद, भरतप्रसाद साह, रमिता प्रधान, राजपति देवी दैसवाल, ललबाबु राउत, विरेन्द्रप्रसाद सिंह, बेची लुंगेली, सरोजकुमार सिंह र हसिना खातुन छन्। प्राकृतिक स्रोत तथा वातावरण समितिमा इन्दुकुमारी साह, गोविन्दबहादुर न्यौपाने, जिते न्द्रप्रसाद सोनार, त्रिभुवन साह, दे वनारायण थारु, नागेन्द्र साह, नुरुन नेशा, मनोज कुमार सिंह, बिन्दुकुमारी यादव, शारदा दास पहाडी र ममता कुमारी मण्डल छन् । महिला बालबालिका तथा सामाजिक न्याय समितिमा अन्जना पण्डित, अनिरुद्ध कुमार सिंह, किरण कुमारी, किशोरी देवी, कुमरकान्त झा, जयचन्दप्रसाद पटेल, फकिरा महतो, भाग्यश्री कुमारी चौधरी, मञ्जुकुमारी मण्डल खँग, रानी कुमारी तिवारी, रुपा यादव, ललिता दास, विना देवी शर्मा र सकुन्ती देवी छन् । त्यस्तै विकास समितिमा शारदा शंकर प्रसाद कलवार, कञ्चन विक्छा, जयनुल राइन, जवाहरलाल कुशवाहा, प्रमोद कुमार जैशवाल, शोभा देवी, मो. समिर, मिना कुमारी लामा, रत्नेश्वर गोइत यादव, रविन्द्र दास श्रेष्ठ, राजेन्द्र प्रसाद चौधरी थारु, रामसरोज यादव, शंभु कुमार साह, सुनिल कुमार यादव र विमला अन्सारी रहेको प्रदेशसभा सचिवालयले जनाएको छ ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ। | तुला | अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ। |
| बृष | छोटो समयमा मनग्य फाइदा हुनेछ। | वृश्चिक | तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन्। |
| मिथुन | यात्रा अलि कष्टपूर्ण हुनेछ। गलत व्यक्तिको विश्वास गर्नाले धोका हुन सक्छ। | धनु | बेसुरमा काम गर्ने बानीले चुनौती निम्त्याउन सक्छ। |
| कर्कट | स्वास्थ्यमा कमजोरी अनुभूति हुनेछ भने चिताएको काममा विलम्ब हुन सक्छ। | मकर | आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ। |
| सिंह | केही समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ। | कुम्भ | तत्कालको सामान्य फाइदा हेर्दा पछिलाई घाटा हुन सक्छ। |
| कन्या | सहयोगीहरूसँग केही असमझदारी बढ्नेछ। आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन्। | मीन | बाध्यतामा अलमलिनुपर्दा चिताएको काम रोकिनेछ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

## ....सम्पादकीय

# समयका संकेत

समाजमा नियम र नैतिकताको आआफ्नै परिभाषा हुन सक्छ। कानुनी रूपमा अनैतिक देखिने पक्षलाई समेत भिडको आडमा नैतिक देखाउने प्रयास हुन थालेको छ। हाम्रो समाजमा कुनै बेला 'पाप' सम्झेर नगर्ने काम पनि अहिले बहादुरीपूर्वक हुन थालेको छ। समाजलाई विद्रुप बनाउँदै लोकरञ्जनका नाममा जसरी पनि अगाडि बढ्न सकिने प्रवृत्ति हावी पनि हुँदै छ। कुनै पनि समाजले न्यूनतम नैतिकता कायम राखेन भने त्यसले भयानक अराजकतातर्फ मुलुकलाई लैजान सक्छ। अन्यत्र धेरै मुलुकमा देखिएको यो प्रवृत्तिले क्रमशः हामीलाई पनि गाँज्न थालेको छ। हाम्रो मुलुकमा विगतमा कैयन् ठूला आन्दोलन भएका छन्। ती आन्दोलनका क्रममा पनि धेरै कम मात्र लुटपाटका घटना भएका छन्। २०४६ सालको जनआन्दोलनमा सफलतासँगै तत्कालीन सत्तासँग निकट केही व्यक्तिका घरमा लुटपाट भए पनि त्यो नेपाली समाजको आमप्रवृत्ति थिएन। आमनागरिकले एक अर्कालाई साथसहयोग दिए‌र यो समाज अगाडि बढेको हो। तत्कालीन शासनसत्ताको विरोधमा रहेका राजनीतिक नेता तथा कार्यकर्तालाई समेत समाजले जोगाएर राखेको हो। आमनागरिकको साथ पाएर तिनले आफूलाई बलियो सत्तासँग लड्न सम्भव भएको हो। आफूमाथि जतिसुकै ठूलो समस्या परेर पनि नेपाली समाजले तत्कालीन माओवादी सशस्त्र गतिविधिका बेलामा पनि सहयोगी भावनालाई मर्न दिए। नेपाली-नेपालीबीच पक्ष र विपक्ष भएर लडिरहेका बेला पनि समाजमा थोरै भए पनि दयाभाव नरहेको होइन। केही वर्षयता क्रमशः समाजमा आक्रोश बढ्दो छ। त्यो आक्रोश कहिले कुन रूपमा र कहिले कुन रूपमा प्रकट भइरहेको छ। यातायात मजदूर र व्यवसायीको आन्दोलन भइरहेका बेला त्यसैको आडमा लोत्से बहुद्देश्यीय प्रालिको भवनमा लुटपाट गरेको दृश्यमाथि नेपाली समाजले सरम मान्नुपर्ने अवस्था पैदा गरेको छ। २०७२ सालको भूकम्प र त्यसपछि भारतले नेपालमा संविधान जारी भएपछि लगाएको नाकाबन्दीका क्रममा समेत नेपालीले आत्मअनुशासन परित्याग गरेनन्। भूकम्पका बेला राहत दिन खोज्दा अभ्र परका मानिसले पाएका छैनन् भनी बाटो देखाउने नेपालीको व्यवहार देखेर विदेशी पत्रकारसमेत नतमस्तक भएका थिए। त्यति मात्र होइन, आफैं भूकम्पमा परेका व्यक्तिले खाना खान विदेशीलाई आग्रह गरेका घटनालाई तिनले रोमाञ्चक ढंगले अन्तर्राष्ट्रिय माध्यममा प्रस्तुत गरेका पनि हुन्। अहिले गरेको तोडफोड र मोबाइल पसलमा गरेको लुटपाटका दृश्य देखे भने पक्कै पनि ती मानिस आश्चर्यमा पर्नेछन् जसले नेपालीमा शान्ति र शौम्य व्यवहार देखेका थिए। विगतमा आन्दोलनका क्रममा नेपालमा धेरै तोडफोड भएको छ। मुलुकका संरचना तहसनहस पारिएको छ। द्वन्द्वकालमा बिस्थापित प्रहरी चौकी पुनःस्थापित हुन् दुई दशकभन्दा बढी समय लागेको छ। कालीकोटको पुरानो फुकोट प्रहरी चौकी बल्ल अहिले आएर स्थापित भएको छ। आन्दोलनका नाममा ध्वस्त पारिएका प्रहरी चौकी, टेलिफोन टावर आदिका कारण मुलुकमा ठूलो क्षति विगतमा भइसकेको छ। राजधानी काठमाडौंमै आन्दोलनका क्रममा सडकपेटीका रेलिङ भाँचेका दृश्य अभ्रै विस्मृतिबाट गइसकेका छैनन्। संसद्भित्रै पक्ष र प्रतिपक्ष हुँदा कुर्सी भाँचेका दृश्य पनि देखिएका हुन्। यी सबै घटना क्रमबाट समालिएर मुलुक अगाडि बढ्न खोजेको हो तर भित्रभित्रै फेरि अहिलेको राजनीतिक प्रणाली, संविधान र परिवर्तनलाई उल्ट्याउने गतिविधि हुन थालेका छन्। समाजलाई अराजक बनाउँदै अभीष्ट पूर्ति गर्न सकिन्छ भन्ने सोच बनाएको देखिन्छ। लोकतन्त्रको विकल्प कुनै निरंकुशतन्त्र हुन सक्दैन। अहिले घुमाइफिराइ निरंकुशतन्त्रका निम्ति प्रयास हुन थालेको छ। कहिले कुनै पुराना शक्ति देखाएर र कहिले पुराना सुखद दिन सम्झाएर जनतालाई प्रज्वलनशील बनाउने प्रयास भइरहेको छ। सानो घटनामा पनि प्रहरी भ्यानमा आगजनी गर्ने र व्यवसायमाथि आक्रमण गर्ने प्रवृत्ति मौलाउन खोजेको देखिन्छ। यस्ता विषयमा बेलैमा ध्यान पुगेन भने मुलुक फेरि अर्को दावानलमा पर्ने निश्चित छ। विगतका राजनीतिक परिवर्तन, त्यसका कर्ताहरूलाई सिध्याउने र अभीष्ट पूर्ति गर्ने तत्व सल्बलाउन थालेका छन्। प्रत्येक समाजमा अन्तरद्वन्द्व हुन्छन् तर तिनलाई फेरि पनि कचल्ट्याउने प्रयास भइरहेको देखिन्छ। यसलाई बुझेर बेलैमा व्यवहार गर्न सकेन भने त्यसले मुलुकलाई अराजक बनाउनेछ। त्यसैले कानुन र व्यवस्थालाई चुस्तदुरुस्त बनाउनु अहिलेको आवश्यकता हो। कुनै पनि व्यक्ति वा समूहले कानुन उल्लंघन गर्छ भने त्यसलाई कानुनको दायरामा ल्याउनुपर्छ। अभ्र अहिले यस्ता काम गर्न उक्साउने प्रवृत्ति पनि देखिन्छ। यसरी उक्साउनेलाई पनि कानुनी कारबाहीमा ल्याइएन भने समाज अरू आक्रामक हुँदै जाने देखिएको छ। तोडफोड र लुटपाटमा संलग्न व्यक्तिले सहजै उन्मुक्ति पाउने हुन् भने यो नियमित प्रवृत्तिका रूपमा विकास हुन थाल्छ। प्रधानमन्त्री पुष्पकमल दाहालले यस घटनाबारे छानबिन गर्न संलग्नलाई कारवाही गर्न बुधबार सुरक्षा प्रमुखहरूलाई निर्देशन गरेका छन्। दोषीमाथि कारवाही भयो भने यस्तो अराजक गतिविधि निरुत्साहित हुनेछ। हामीकहाँ नेतालाई मात्र गाली गर्ने प्रवृत्ति बढेको छ तर जनताको तहमा पनि विचार गर्नुपर्ने बेला भइसकेको छ। जस्ता जनता हुन्छन्, नेता पनि उस्तै हुन्छन्। नियम र नैतिकता पालना गर्नुपर्दैन भन्ने भावना बढ्यो भने त्यसले गोंगबुको जस्तो घटनामा पुऱ्याउँछ। हामीकहाँ बेलाबेलामा यस्ता प्रवृत्ति विगतमा पनि देखिएका छन्। १६ भदौ २०६१ मा मुलुकका तीन क्षेत्र-मस्जिद, मेनपावर र मिडियामाथि आक्रमण गरिएको थियो। त्यो दिनको आक्रमणअघि वातावरण बनाउँदै लगिएको थियो र त्यो माघ १९ को 'कु' को आधारभूमि पनि थियो। अहिले पनि यस्तै आक्रमणको वातावरण बनाउन पुरानो दक्षिणपन्थी तत्त्वदेखि नवस्थापित लोकरञ्जनवादी पक्षसमेत सक्रिय भइरहेको छ। यी संकेतलाई बुझ्ने प्रयास भएन भने अहिलेको राजनीतिक व्यवस्थामाथि घात हुन सक्नेछ।

# देशभरका स्थानीय तहको सहभागितामा न्यायिक समिति राष्ट्रिय सम्मेलन हुने

टक नेपाल, काठमाडौं। मुलुकभरका स्थानीय तहको सहभागिता गराउने उद्देश्यसहित काठमाडौं महानगरपालिकाले आगामी चैत २४ र २५ गते न्यायिक समिति राष्ट्रिय सम्मेलन गर्ने भएको छ। स्थानीय तहमा न्याय सम्पादनको अनुभव आदान-प्रदान गर्ने उद्देश्यका साथ सम्मेलन आयोजना गर्न लागिएको कामपाका उपप्रमुख एवं न्यायिक समिति संयोजक सुनिता डङ्गोलले जानकारी दिनुभयो। काठमाडौंमा हुने सम्मेलनमा देशभरका सबै स्थानीय तहलाई आमन्त्रण गरिने जनाइएको छ। सम्मेलनको तयारीका लागि उपप्रमुख डङ्गोलको अध्यक्षतामा न्यायिक समिति मूल समारोह समिति गठन गरिएको छ। संयोजक डङ्गोलले सबै पालिकाका न्यायिक समितिबाट प्रतिनिधित्व गराउने र असल अभ्यास आदान-प्रदान गर्ने उद्देश्यले सम्मेलन आयोजना गर्न लागिएको बताउनुभयो। सम्मेलन लाई नतिजामुखी बनाउने, प्राप्त उपलब्धिलाई संस्थागत अभिले खमा राख्ने र आपसी सिकाइ प्रवर्द्धन गर्ने गरी सम्मेलन सञ्चालन गर्ने तयारी कामपाको रहेको छ। सम्मेलन विशेषगरी चार मूल विषयमा केन्द्रित हुनेछ। न्यायिक समितिको अवधारणा, विभिन्न कानूनमा भएका न्यायिक समितिसम्बन्धी व्यवस्था, न्याय सम्पादनमा न्यायिक समितिको क्षेत्राधिकार र यसको प्रचलन प्रस्तुतिको एउटा विषय हो। दोस्रो विषयका रूपमा स्थानीय विवाद समाधानमा मेलमिलाप प्रक्रिया र यसको प्रवर्द्धनसम्बन्धी विषय राखिएको छ। न्यायिक समितिले गर्ने न्यायिक निर्णय र यसका लागि अनिवार्यरूपमा पालना गर्नुपर्ने प्रक्रिया तेस्रो प्रस्तुतिका रूपमा रहनेछ। यस्तै न्यायिक समितिमार्फत भएका मिलापत्र र निर्णयको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता तथा त्यसका लागि आवश्यक संस्थागत प्रबन्ध प्रस्तुतिको चौथो विषय हुनेछ। सम्मेलनबाट प्राप्त उपलब्धिलाई संस्थागत प्रबन्धबाट उपयोगमा ल्याउन न्यायिक समिति राष्ट्रिय सञ्जाल, प्रदेश सञ्जाल र जिल्ला सञ्जाल चयन हुनेछ। राष्ट्रिय सञ्जालका पदाधिकारीको चयन पनि सम्मेलनबाटै हुने बताइएको छ। काठमाडौं विवाद निरुपण घोषणा, २०७९ जारी गर्दै सम्मेलन सकिने बताइएको छ। न्यायिक समितिले विशेषगरी सामान्य खालका मामिला, जग्गा जमिन, अंशबन्डा, साँध विवादजस्ता मुद्दाको टुङ्गो लगाउने छ। न्यायिक समितिको अधिकार क्षेत्रको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिकरूपमा गर्नेछन्। गाउँपालिका तथा नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षितरूपमा राख्नुपर्ने छ। समितिले आफूले गरेको कामको वार्षिक विवरण प्रमुखमार्फत सम्बन्धित सभा गाउँ वा नगरसभामा पेस गर्नुपर्ने छ। संवैधानिक व्यवस्थाअनुरूप नै गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने व्यवस्था छ।

# मिथिला माध्यमिकी ..........................................


माध्यमिकी परिक्रमामा सहयोग गर्दै आएको बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले यस पटक पनि विशेष तयारी थालेको छ। परिषद्का प्रमुख कार्यकारी निर्देशक शीतल साहले डोलालाई व्यवस्थित गर्न मङ्गलबार धनुषाका प्रमुख जिल्ला अधिकारी, प्रहरीप्रमुख, वनप्रमुख, डोला विश्राम स्थलमा पर्ने पालिका प्रमुखलगायत सरोकारवाला निकायलाई भेला गरेर छलफल गरिएको बताउनुभयो। उहाँले एसियाकै सबैभन्दा ठूलो धार्मिक यात्रा मानिने माध्यमिकी परिक्रमा विशेष बनाउन डोला उद्धाटनमा नेपाली सेनाको पञ्चेबाजा र प्रहरीले सलामी दिने जानकारी दिनुभयो। विश्राम स्थलमा सम्बन्धित स्थानीय तहले नै भोजनालय, स्वास्थ्य शिविर, बिजुली बत्ती, अस्थायी शौचालयलगायत सम्पूर्ण व्यवस्थापन गरिनेछ। यस पटक पाँच लाखभन्दा बढी भक्तजन परिक्रममा सहभागी हुने अनुमान गरिएको निर्देशक साहले बताउनुभयो। बृहत्, मध्य र अन्तरगृह गरी तीन प्रकारको परिक्रमा गरिन्छ। डोलाको पछिपछि परम्परागत बाजागाजा, झाँकी कीर्तनसहितका मौलिक पहिरनमा लाखौं नरनारी सहभागी हुने गर्दछन्। लावा लस्करसहितका मिथिलाको चारै स्थानमा रहेका धार्मिक स्थलको परिक्रमा गर्ने गरिन्छ। १५ दिने माध्यमिकी परिक्रमलाई मध्यमा परिक्रमा भनिन्छ। परिक्रमामा जनकपुरको हनुमानगढीबाट कल्याणेश्वर हुँदै फूलहर, मठिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चन वन, क्षिरेश्वरनाथ (पर्वत्ता), धनुषाधाम, सतोषर (मिथिलेश्वरनाथ), अउढी, करुणा, बिसौल र फेरि कल्याणेश्वर हुँदै फागुपूर्णिमाको दिन जनकपुर फर्कन्छन्। नगरको पाँच कोसे अन्तरगृह परिक्रमा गरी समाप्त हुन्छ। यो परिक्रमाले जनकपुर धामलाई धार्मिक पर्यटन स्थलका रूपमा प्रसिद्ध गराउन सहयोग गरेको छ।

# दिलीप महतो हत्या..........................................

उक्त घटनामा ६ जना तत्कालै पक्राउ परेका थिए। जिल्ला अदालतले थुनछेक बहसपछि फरार सञ्चालकसहित केहीलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। जिल्ला न्यायाधीश केशवप्रसाद घिमिरेको इजलासले उद्योग सञ्चालक विपिन तथा कर्मचारीहरू मुनिन्द्र र जितेन्द्रकुमारलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो। रोशन, सत्यनारायण र शत्रुघनलाई धरौटीमा छाडेको थियो। एक वर्ष फरार रहेर अदालतमा हाजिर भएका विनोदलाई २०७७ असोज २६ मा साधारण तारेखमा छोड्ने आदेश गरेको थियो।



# गौशाला प्राविधिक शिक्षालयको भवन अलपत्र



**गणेश कुमार सिंह, गौशाला।**
गौशाला नगरपालिकाको श्रोतमा निर्माण भएको भवन अलपत्र परेका छन् । गौशाला नगरपालिका वडा नम्बर १२ स्थित रहेको गौशाला प्राविधिक शिक्षालयको नवनिर्मित करिब ४ करोडको लागत निर्माण भएको भवन अलपत्र अवस्थामा रहेका छ । उक्त भवनको सूचना पाटी अनुसार गौशाला प्राविधिक शिक्षालयको (आयुर्वेद शिक्षालय भवन) निर्माणको जिम्मा हनुमान, श्री गणेश जे.भी. कम्पनीले ठेक्का प्राप्त गरेको थियो । ३ करोड ८७ लाख ९० हजार १ सय ७१ रुपैया ३० पैसाको लागतमा आयुर्वेद शिक्षालय भवनको निर्माणका लागि सम्झौता भएका थियो । उक्त सम्झौता अनुसार २०७८ असार ०३ गते हनुमान, श्री गणेश जे.भी. कम्पनीले पाएका थिए । उक्त सम्झौता अनुसार मिति २०८९ असार ०३ गते सम्म निर्माण कार्य सम्पन्न गने भए ता पनि अहिले सम्म पूर्ण रुपमा निर्माण कार्य सम्पन्न नभई अपूरा रुपमै राखी अलपत्र अवस्था रहेको छ। १५ महिला बितिसक्दा पनि गौशाला प्राविधिक शिक्षाल निर्माण कार्य सम्पन्न भएको छैनन् । गौशाला नगरपालिका यस भवन प्रती कुनै चासो नलिएको देखिन्छ। नत ठेक्का लिने कम्पन नत भवन निर्माण गराउन बनाएको व्यवस्थापन समिति नत जनप्रतिनिधिले लिएको छ, सबै जना मुख दर्शक भएर बसिरहेका छन् । जनताले तिरेको करबाट करिब चार करोडको लागतमा निर्माण गर्न ठेक्का पाएका कम्पनीले १५ महिना भईसक्दा पनि पुर्ण रुपमा निर्माण गर्न सकेको छैनन् । यता गौशाला प्राविधिक शिक्षालयको आफ्नो पठनपाठन र प्रयोगात्मक गर्ने भवन नभए पछि पठनपाठन समस्या भएको विद्यार्थीले समेत गुनासो गर्न थालेको छ । तर यस विषयमा नगरपालिका र जनप्रतिनिधिले कुनै किसिमको पहल नगरिदिएको विद्यार्थी आरोप लगाएको छ ।

# मिथिला माध्यमिकी परिक्रमाको तयारी

**विजयकुमार साह, ढल्केबर।**
मिथिलाको महाकुम्भ मानिने मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु भएको छ। प्रत्येक वर्ष फागुन शुक्लपक्ष प्रतिपदाका दिन जनकपुरधामबाट सुरु हुने १५ दिने मिथिला माध्यमिकी परिक्रमाको तयारी सुरु गरिएको हो। धनुषाको मिथिला विहारी नगरपालिका-८, कचुरी स्थित ऐतिहासिक महत्त्वको मिथिला विहारी मन्दिरबाट औंसी तिथिका दिन फागुन ८ गते डोला उठ्ने मिथिला विहारी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अजय झाले बताउनुभयो। मिथिला विहारी मन्दिर पाँच सय वर्ष पुरानो रहेको जनविश्वास छ । यस मन्दिरबाट भगवान् रामको डोला उठ्ने परम्परा निकै पुरानो छ। यहाँबाट झाँकी कीर्तनसहितको डोला जनकपुरधामको रत्नसागर मठ हुँदै जानकी मन्दिर लैजाने र त्यहाँ जानकीको डोलालगायत जनकपुरधामका अन्य मठमन्दिरबाट ल्याइएका डोला समावेश गरी माध्यमिकी परिक्रमा यात्रा प्रारम्भ हुने अध्यक्ष झाले जानकारी दिनुभयो। नेपाल भारत दुवै मुलुकको धार्मिक सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतीक माध्यमिक परिक्रमा नेपालमा ११ र भारतको विहार राज्यमा चार स्थानमा विश्राम स्थल छन्। ती विश्राम स्थललाई अन्न क्षेत्र घोषणा गरेर साधुसन्त तथा भक्तजनलाई निःशुल्क भोजन गराउने चलन छ ।

*-बाँकी पृष्ठ ३ मा*

# बिना स्वीकृति संचालित प्याथलोजी सेन्टर बन्द गर्न महानगरको निर्देशन


**टक नेपाल, वीरगञ्ज।**
वीरगञ्जको पानीटंकी क्षेत्रमा रहेका अधिकांस प्याथलोजी सेन्टरहरु स्वीकृति बिना नै संचालनमा रहेको भेटिएको छ । महानगरपालिकाद्धारा गठित स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण समितिले गरेको अनुगमनका क्रममा वडा नम्वर ८ पानी टंकी क्षेत्रमा रहेका प्याथोलोजी सेन्टरहरु स्वीकृति बिना नै संचालनमा रहेको भेटेको हो । पानीटंकीमा रहेको सिटी डाइग्नोष्टिक सेन्टर स्वीकृति बिना संचालन हुनुका साथै म्याद गुज्रेका केमिकल तथा औषधी प्रयोग गर्ने गरेको भेटिएको अनुगमन समितिका संयोजक समेत रहेका वडा नम्वर १८ का वडाध्यक्ष उमाशंकर तिवारीले जानकारी दिनुभयो। यस्तै नेहा फार्मेसी, जय बजरंग प्याथोलोजी, ओम प्याथोलोजी सेन्टर पनि मापदण्ड बिपरित संचालनमा रहेको भेटिएको महानगरका स्वास्थ्य शाखा प्रमुख रितेश जयसवालले जानकारी दिनुभयो। यस्तै सोही ठाउँमा



रहेको जीवन दीप एक्स रे पनि विना दर्ता नै संचालनमा रहेको फोला परेको छ। अनुमति नलिई संचालन गरिएको प्याथालोजी तथा एक्स रे सेन्टर लाई स्वीकृति नलिएसम्म बन्द गर्न पनि समितिले निर्देशन दिएको छ । अनुगमनका क्रममा आज पहिलो पटक चेतावनी दिएर फर्किएको र भोली फेरि अनुगमनमा जाँदा प्रकृया नपुर्याइ खुलेको भेटिए सील गरेर कारबाही प्रकृया अघि बढाउने समितिका संयोजक तिवारीले बताउनुभयो । महानगरपालिकाले नागरिकको स्वास्थ्यमा प्याथलोजी सेन्टरहरुले खेलवाड गरिरहेको र विना दर्ता नै संचालनमा रहेको भन्ने सूचना आएपछि अनुगमनलाई अघि बढाएको हो । समितिका संयोजक तिवारी नेतृत्वको अनुगमन टोलीमा स्वास्थ्य शाखा प्रमुख रितेश जयसवाल, कानुन अधिकृत ईश्वर बराल, नर्सिङ्ग अधिकृत इन्दिरा लोहनी लगायत रहनुभएको थियो ।

# निःशुल्क विद्युत् मिटर जडान

**टक नेपाल, ढल्केबर।**
धनुषाको बटेश्वर गाउँपालिका-४, पुजारी टोलमा बसोबास गर्ने विपन्नको घरमा निःशुल्क विद्युत् मिटर जडान गरिएको छ । एसियाली विकास बैङ्क (एडीबी)को सहयोगमा बटेश्वरमा सञ्चालित नवदुर्गा महिला कृषि सहकारी संस्था लिमिटेडले पुजारी टोलका विपन्नको घरमा निःशुल्क विद्युत् मिटर जडान गरेको हो। एडीबी परियोजना अन्तर्गत उद्यमशीलता, विकास तथा जीविकोपार्जन धनुषाका संयोजक मीना बस्नेतल ऊर्जामा आधारित उद्यमशीलता कार्यक्रम अन्तर्गत आर्थिक अवस्था कमजोर भएका घरपरिवारमा निःशुल्क विद्युत् मिटर जडान गरिएको बताउनुभयो। यो गाउँपालिकामा विद्युत् मिटर जडान



नगर्ने ५४ घरपरिवारको पहिचान गरिएको थियो। तीमध्ये १७ घरमा मिटर जडान गरिसकेको बाँकीको काम भइरहेको छ । गाउँपालिका र विद्युत् कार्यालयको समन्वयमा विपन्नको घरमा मिटर जडानलगायत विद्युत् नपुगेको क्षेत्रमा विद्युत् लाइन विस्तार तथा ट्रान्सफर्मर जडानको कामसमेत गरिरहेको उहाँले जानकारी दिनुभयो। पुजारी टोलमै एक सय केभीएको एउटा ट्रान्सफर्मर जडान गरिएको संयोजक बस्नेतले जानकारी दिनुभयो। गाउँपालिकामा चार सय जनालाई उद्यमीका लागि ऊर्जा प्रयोगमा आधारित जीविकोपार्जन गर्न क्षमता अभिवृद्धि तालिम र दुई सय जनालाई व्यवसायिक शिक्षा तालिम सञ्चालन गर्न लागिएको बताउनुभयो। बटेश्वर गाउँपालिकाका अध्यक्ष रामआशिष महतोले आर्थिक अवस्था कमजोर भएर विद्युत् मिटर जडान गर्न नसकेकाहरूको घरमा निःशुल्क मिटर उपलब्ध गराएर संस्थाले धेरै राम्रो काम गरेको बताउनुभयो। उहाँले घरघरमै मिटर भएपछि विद्युत् चोरी रोकिने जानकारी दिनुभयो।




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com